# रासायनिक मल (नियन्त्रण) (दोस्रो संशोधन) आदेश, २०७८

रासायनिक मल (नियन्त्रण) आदेश, २०५५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ को दफा ३ र ८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस आदेशको नाम "रासायनिक मल (नियन्त्रण) (दोस्रो संशोधन) आदेश, २०७८" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>रासायनिक मल (नियन्त्रण) आदेश, २०५५ को दफा २ मा संशोधनः</u> रासायनिक मल (नियन्त्रण) आदेश, २०५५ (यस पछि "मूल आदेश" भनिएको) को दफा २ को,-

(क) खण्ड (ख) मा रहेका "कृषि मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "कृषि तथा पशुपन्छी विकास मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) "सर्भेयर" भन्नाले रासायनिक मलको परिमाण र गुणस्तरको सर्भेक्षण गर्ने कामको लागि मन्त्रालयबाट दफा ८ को उपदफा (२) बमोजिम मान्यता प्राप्त संस्था वा सोही दफाको उपदफा (३) बमोजिम तोकिएको प्रयोगशाला सम्झनु पर्छ।"

३. <u>मूल आदेशको दफा ८ मा संशोधनः</u> मूल आदेशको दफा ८ को,-

(क) दफा शीर्षकको सट्टा देहायको दफा शीर्षक राखिएको छः

"<u>सर्भेयरको मान्यता सम्बन्धी व्यवस्थाः</u>"

(ख) उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः

"(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयले आधिकारिक प्रयोगशाला मध्ये कुनै प्रयोगशालालाई यस आदेश बमोजिम सर्भेयरको रुपमा काम गर्न तोक्न सक्नेछ। त्यसरी तोकिएको प्रयोगशालाले यस आदेश बमोजिम सर्भेयरको रुपमा काम गर्न बाधा पर्ने छैन।"

४. <u>मूल आदेशको दफा ३२ मा संशोधनः</u> मूल आदेशको दफा ३२ को उपदफा (२) को खण्ड (क), (ख) र (ग) को सट्टा देहायका खण्ड (क), (ख) र (ग) राखिएका छन्:-

"(क) मन्त्रालयको सचिव - अध्यक्ष

(ख) मन्त्रालयको रासायनियक मल सम्बन्धी विषय हेर्ने महाशाखा प्रमुख - सदस्य

(ग) सहसचिव, वन तथा वातावरण मन्त्रालय - सदस्य"

सचिव